राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ३०२ | २०८३ असार ३१ गते बुधवार | (Wednesday, 15 July, 2026) | पृष्ठ ४ | मुल्य रु. ५

### कार्यदलको १० बुँदे प्रतिवेदन पारित

# मधेस प्रदेश सरकारको बजेट पारित हुने बाटो खुल्यो




**द पब्लिक टुडे समाचारदाता**

*जनकपुरधाम, असार ३० गते ।*

राजनीतिक रस्साकसीका कारण दुई सातादेखि रोकिएको मधेस प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट अन्ततः पारित हुने भएको छ । बजेट विवाद समाधानका लागि गठन गरिएको प्रदेश सभा विशेष कार्यदलले तयार पारेको १० बुँदे प्रतिवेदन मंगलबार प्रदेश सभाबाट सर्वसम्मतिले पारित भएपछि सरकार र प्रतिपक्षबीच सहमति जुटेको हो । प्रतिवेदनमा समेटिएका सुझाव कार्यान्वयन गर्ने प्रतिबद्धता अर्थमन्त्री युवराज भट्टराईले जनाएसँगै विनियोजन विधेयक अघि बढाउने बाटो खुलेको छ ।

बजेट वितरणमा असन्तुलन, योजना छनोटमा राजनीतिक पक्षपात र पर्याप्त छलफल नगरी बजेट ल्याइएको भन्दै जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनमत पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) नेपालले असार १४ गतेदेखि प्रदेश सभा बैठक लगातार अवरुद्ध गर्दै आएका थिए । पटक-पटकको छलफल निष्कर्षमा नपुगेपछि सत्ता र प्रतिपक्षबीच सहमति खोज्न विशेष कार्यदल गठन गरिएको थियो ।

सत्तापक्ष र प्रतिपक्षका प्रतिनिधि सम्मिलित कार्यदलले केही दिनको छलफलपछि बजेट कार्यान्वयन, बहुवर्षीय योजना व्यवस्थापन, स्थानीय तहलाई वित्तीय हस्तान्तरण तथा विवादित कार्यक्रमहरूको व्यवस्थापनसम्बन्धी १० बुँदे सुझाव तयार गरी प्रदेश सभामा पेस गरेको हो । प्रतिवेदन सर्वसम्मतिले पारित भएसँगै लामो समयदेखि अवरुद्ध प्रदेश सभाको गतिरोध पनि अन्त्य भएको छ ।

कार्यदलका सदस्य तथा जसपा नेपालका सांसद उपेन्द्र महतोले प्रतिवेदन प्रस्तुत गर्दै बजेट पुस्तिकामा देखिएका केही प्राविधिक तथा नीतिगत कमजोरी सुधार गरी बजेट कार्यान्वयनलाई थप प्रभावकारी, पारदर्शी र व्यवहारिक बनाउने उद्देश्यले सुझावहरू तयार गरिएको बताए । उनका अनुसार प्रतिवेदनले बजेट कार्यान्वयनमा देखिएका विवाद हटाउँदै विकास आयोजनालाई गति दिने अपेक्षा गरिएको छ ।

प्रतिवेदनमा मन्त्रालयअन्तर्गत रहेका पूर्वाधार विकास तथा निर्माण योजनाहरू सम्बन्धित जिल्लामा रहेका मन्त्रालयका कार्यालयमार्फत कार्यान्वयन गर्नुपर्ने उल्लेख गरिएको छ । यस्तै, स्रोत सुनिश्चित भइसकेका बहुवर्षीय योजनाको नियमन तथा व्यवस्थापन अर्थ र प्राविधिक विज्ञहरूको समितिको प्रतिवेदनका आधारमा गर्नुपर्ने सुझाव दिइएको छ ।

स्थानीय तहलाई अन्तरसरकारी वित्तीय हस्तान्तरणअन्तर्गत उपलब्ध गराइने विशेष अनुदानमा समावेश गरिएको पोषणयुक्त आहार वितरण कार्यक्रम तत्कालका लागि स्थगन गरी स्थानीय तहको आवश्यकता, प्राथमिकता र मागका आधारमा अन्य शीर्षकमा बजेट उपलब्ध गराउनुपर्ने सुझाव पनि प्रतिवेदनमा समेटिएको छ । चालु आर्थिक वर्षमा सम्पन्न

- बाँकी पृष्ठ ३ मा

# निजी मिडियालाई सरकारी विज्ञापन नदिने निर्णय खारेज




**द पब्लिक टुडे समाचारदाता**

*जनकपुरधाम, असार ३० गते ।*

निजी मिडियालाई सरकारी विज्ञापन नदिने सरकारको निर्णय खारेज भएको छ । सर्वोच्च अदालतका न्यायाधीशद्धय शारंगा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासले मंगलबार यस्तो फैसला गरेको हो ।

एक साताअगावै मुद्दाउपर अन्तिम बहस सकिएकोमा मंगलबार निसुका निम्ति पेशी तोकिएको थियो ।

फैसला सुनाउँदै न्यायाधीश सुवेदीले दुई दिनभित्रै पूर्णपाठ सार्वजनिक गर्ने बताइन् ।

गत चैत १८ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवस्तरीय बैठकले सरकारी सञ्चारमाध्यममा मात्र सरकारी विज्ञापन छाप्नुपर्ने निर्णय गरेको थियो ।

सोविरुद्ध नेपाल मिडिया सोसाइटीका तर्फबाट अख्तियारप्राप्त अधिवक्ता अनन्तराज लुइँटेलले सर्वोच्चमा मुद्दा हालेका थिए ।

उक्त रिटमाथि असार २२ र २३ गते निरन्तर बहस भएको थियो । सोसाइटीका तर्फबाट वरिष्ठ अधिवक्ता सतिशकृष्ण खरेल, रमेश बडाल, ललितबहादुर बस्नेत, दिनेश त्रिपाठी, अधिवक्ता लुइँटेल, विकास भट्टराई, कीर्तिनाथ शर्मा पौडेल, विशाल थापा, दुर्वाशा लुइँटेल, रामप्रसाद पुडासैनी, डा.प्रेमराज सिलवालले बहस गरेका थिए भने महान्यायाधिवक्ता नारायणदत्त कँडेल र नायव महान्यायाधिवक्ता उद्धवप्रसाद पुडासैनीले प्रतिरक्षा गरेका थिए ।

नेपाल मिडिया सोसाइटीका तर्फबाट बहस गरेका कानुन व्यवसायीहरुले सरकारले मिडियामा आर्थिक नाकाबन्दी लगाउन खोजेको, विज्ञापन ऐन र नियमावलीमा समानुपातिक विज्ञापन मिडियाको अधिकार रहेको, सरकारले विज्ञापनमा कार्टेलिङ गर्न नपाउने, विज्ञापन बोर्डको अधिकारमाथि सरकारले

- बाँकी पृष्ठ ३ मा

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**यस युवरानी एग्रो इन्डस्ट्रिज लिमिटेडका लागि तपसिलका पदहरुमा उर्जावान, लगशील र अनुभवी कर्मचारीहरुको आवश्यकता परेकोले योग्यता पुगेका इच्छुक व्यक्तिहरुबाट आवेदन आह्वान गरिन्छ ।**

| क्र.सं. | पद | संख्या | क्र.सं. | पद | संख्या |
|---|---|---|---|---|---|
| १ | एच.आर. (HR) | १ | ११ | खरिद संयोजक (Logistics Coordinator) | १ |
| २ | लेखा सहायक (Acct. Assist) | २ | १२ | सुपरभाईजर (Supervisor) | १० |
| ३ | मार्केटिङ अफिसर (Markting Executive) | १ | १३ | चालक (Driver) | २ |
| ४ | इलेक्ट्रिसियन (Electrician) | १ | १४ | बिक्री तथा बजार व्यवस्थापक (Sales and Marketing Manager) | ५ |
| ५ | प्लम्बर (Plumber) | १ | | | |
| ६ | ल्याब प्राविधिक (Lab Technician) | १ | १५ | फिड अपरेटर (Feed Operation) | १ |
| ७ | ब्वाइलर अपरेटर (Boiler Operation) | १ | १६ | सुरक्षा गार्ड (Serurity Guard) | १ |
| ८ | साधारण कामदार (General Worker) | २० | १७ | सरसफाई कर्मचारी (Cleaner) | १ |
| ९ | पशु चिकित्सक (Veterinarian) | १ | १८ | कार्यालय सहयोगी (Office Boy) | १ |
| १० | खरिद तथा आपूर्ति प्रबन्धक (Logistics Manager) | १ | १९ | कुक (Cook) | २ |
| | | | २० | स्टोर इन्चार्ज (Store in Charge) | २ |

**आवश्यक योग्यता तथा अनुभव :**

- सम्बन्धित पदमा कार्य अनुभव भएकालाई विशेष प्राथमिकता दिइनेछ ।
- प्राविधिक पदहरुका लागि सम्बन्धित विषयमा शैक्षिक योग्यता वा तालिम प्राप्त हुनुपर्नेछ ।
- इच्छुक उम्मेदवारहरुले आफ्नो अद्यावधिक गरिएको बायोडाटा (CV) र नागरिकताको प्रतिलिपि सहित यो सूचना प्रकाशित भएको मितिले (७) दिन भित्र कम्पनीको कार्यालय वा इमेलमार्फत आवेदन दिन सक्नेछ ।

सम्पर्क :

**युवरानी एग्रो इन्डस्ट्रिज लिमिटेड**

गौशाला नगरपालिका-१, महोत्तरी, नेपाल

मो.नं. : ९७०२८२०५८०, ९८०१६७५२१२, ९८०१६७५२१६,

इमेल : careers.yuwaraniagro@gmail.com

# मिटरब्याजको छानबिन सम्बन्धी दुई प्रतिवेदन कार्यान्वयनमा

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, असार ३० गते ।*

सरकारले मिटरब्याजको छानबिन सम्बन्धी दुईवटा प्रतिवेदन कार्यान्वयमा लैजाने निर्णय गरेको छ । मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धमा नेपाल सरकारको निर्णय बमोजिम विगतमा गठन भएका विभिन्न आयोगका प्रतिवेदनहरू गृह मन्त्रालयले तत्काल कार्यान्वयन गर्ने निर्णय गरेको हो ।



सरकारको यो निर्णयसँगै मिटरब्याज समस्याबारे छानबिन गरी बुझाइएका दुई प्रमुख प्रतिवेदनहरू तत्काल कार्यान्वयनको चरणमा जाने भएका छन् ।

जसअन्तर्गत पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा २०७९ सालमा गठित तत्कालीन अनुचित लेनदेन सम्बन्धी जाँचबुझ आयोगले २०८० मंसिर २५ मा बुझाएको प्रतिवेदनलाई सरकारले प्राथमिकताका साथ कार्यान्वयन गर्नेछ ।

यसका साथै सरकारको मुख्य प्राथमिकतामा परेको अर्को प्रतिवेदन उच्च अदालतका पूर्व न्यायाधीश बाबुराम रेग्मीको अध्यक्षतामा गठित तीन सदस्यीय जाँचबुझ आयोगको हो ।

सरकारको मिति २०८१ फागुन २६ गतेको निर्णयअनुसार गठित उक्त

- बाँकी पृष्ठ ३ मा

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

## सम्पादकिय............

# तिरहुतिया गाछीदेखि काठमाडौंसम्मको न्याय यात्रा

जनकपुरधामको तिरहुतिया गाछी मैदान यतिबेला फेरि चर्चामा छ । तर, यसपटक कुनै चुनावी सभा वा राजनीतिक उत्साहका कारण होइन, न्यायको खोजीमा निस्किएका मिटरब्याज पीडितहरूको पीडादायी पैदलयात्राका कारण । यही मैदानमा निर्वाचन अभियानका क्रममा अहिलेका प्रधानमन्त्री बालेन्द्र शाहले मिटरब्याज पीडितलाई काठमाडौं धाएर आन्दोलन गर्नुपर्ने अवस्था अन्त्य गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । त्यो अभिव्यक्तिले वर्षौंदेखि शोषणमा परेका हजारौं पीडितको मनमा आशाको दीप जलाएको थियो । तर, त्यही मैदानबाट आज फेरि उनीहरू आफ्ना नौबुँदे माग बोकेर काठमाडौंतर्फ पैदल हिँड्न बाध्य हुनु आफैंमा राज्यको कार्यसम्पादनमाथिको गम्भीर प्रश्न हो ।

मिटरब्याज केवल आर्थिक लेनदेनको विषय होइन, यो गरिबी, अशिक्षा, कमजोर कानुनी पहुँच र सामाजिक असमानताको फाइदा उठाएर गरिने संगठित शोषण हो । अत्यधिक ब्याज असुल्ने, वास्तविक ऋणभन्दा कैयौं गुणा बढी रकम उठाउने, तमसुकसँगै जग्गाजमिनको राजीनामा गराउने र अन्ततः परिवारलाई उठीबास लगाउने प्रवृत्तिले हजारौं नागरिकको जीवन तहसनहस बनाएको छ । यही यथार्थका आधारमा सरकारले कानुन संशोधन गर्‍यो, आयोग गठन गर्‍यो र अनुचित लेनदेनविरुद्ध कारबाहीको व्यवस्था पनि गरियो । तर, कानुनको प्रभाव त्यसबेला मात्र देखिन्छ, जब पीडितले व्यवहारमै न्यायको अनुभूति गर्न सक्छ । दुई-दुई पटक काठमाडौं पुगेर आन्दोलन गरेका पीडितहरू फेरि सडकमा उत्रिनु कुनै रहर होइन। खेतबारीमा हुनुपर्ने बेला घाम, पानी र अभावसँग जुध्दै राजधानीतर्फ लम्किनु उनीहरूको बाध्यता हो । उनीहरूलाई यात्राको कठिनाइभन्दा अन्यायको बोझ धेरै भारी लागेको छ । यही पीडालाई राज्यले समयमै बुझ्न नसके आन्दोलनको स्वर झन् चर्किन सक्छ । वर्तमान सरकारप्रति नागरिकको अपेक्षा स्वाभाविक रूपमा उच्च छ । त्यसैले निर्वाचनका क्रममा गरिएका प्रतिबद्धता केवल भाषणमा सीमित नरही व्यवहारमा रूपान्तरण हुनुपर्छ । प्रधानमन्त्री स्वयंले व्यक्त गरेको विश्वासलाई यथार्थमा बदल्ने जिम्मेवारी पनि यही सरकारको हो । पीडितलाई फेरि आश्वासनको चक्रमा अल्झाउने होइन, न्यायको सुनिश्चिततासहित घर फर्किने वातावरण सिर्जना गर्नु आजको आवश्यकता हो ।

सरकारले वास्तविक पीडितको पहिचान, प्रभावकारी अनुसन्धान, द्रुत कानुनी प्रक्रिया र दोषीमाथि निष्पक्ष कारबाही सुनिश्चित गर्नुपर्छ। साथै, झूटा उजुरीबाट निर्दोष नागरिकलाई अन्याय नहोस् भन्ने संवेदनशीलतासमेत उत्तिकै आवश्यक छ । कानुनको शासन भनेको पीडितलाई न्याय र निर्दोषलाई सुरक्षा-दुवैको प्रत्याभूति हो । तिरहुतिया गाछीदेखि काठमाडौंसम्मको यो यात्रा केही सय किलोमिटरको दूरी मात्र होइन, नागरिकको विश्वास र राज्यको जिम्मेवारीबीचको दूरी पनि हो । अब सरकारले यो दूरी घटाउने अवसर गुमाउनु हुँदैन । मिटरब्याज पीडितलाई फेरि अर्को कागजी सम्झौताको भरोसामा फर्काउने होइन, न्यायको अनुभूतिसहित घर फर्काउने वातावरण बनाउन सके मात्र राज्यप्रतिको विश्वास पुनः स्थापित हुनेछ । यही नै लोकतान्त्रिक सरकारको सबैभन्दा ठूलो परीक्षा र सफलता हुन्छ ।

## राशिफल

मेष - आम्दानी बढ्नाले उत्साह जाग्नेछ ।
वृष - उपलब्धि हातलागी हुनेछ ।
मिथुन - जिम्मेवारी समेत बढ्नेछ ।
कर्कट - नतिजा तत्काल प्राप्त नहुन सक्छ ।
सिंह - दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला ।
कन्या - आम्दानी कम हुनेछ ।
तुला - अधिकार स्थापित गर्न सकिनेछ ।
वृश्चिक - जग बसाउने मौका छ ।
धनु - परिवारजनसँग भेटघाट हुनेछ ।
मकर - काम प्रारम्भ गर्ने समय छ ।
कुम्भ - सहयोगीहरूले साथ दिनेछन् ।
मिन - हौसला प्रदान गर्नेछ ।

## प्रश्नबाट भाग्दै सरकार :

# नियमावली एकातिर, प्रधानमन्त्री अर्कोतिर




**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, असार ३० गते ।*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन्द्र (बालेन) नेतृत्वमा सरकार गठन भएको ११० दिनको गतिविधि हेर्दा सकारात्मक सङ्केत देखिएको छैन । शासकीय सुधार सम्बन्धी एक सय बुँदे कार्यसूची बनाएर कार्यान्वयनमा सक्रिय रहेको सरकार जनताको मूल मुद्दाबाट भागेको आरोप लागेको छ। गत वर्ष भदौमा जेनजी विद्रोहको जगमा शक्ति आर्जन गरेको रास्वपाले फागुनमा भएको प्रतिनिधि सभा सदस्य निर्वाचनमा अभूतपूर्व नजिता (दुई तिहाइ नजिक बहुमत) ल्याएको थियो । चैत १३ गते बालेन प्रधानमन्त्री बने । बारम्बार पुरानै अनुहार तथा पुराना पार्टीले शासन गर्ने परिपाटी अन्त्य गरी युवाको नेतृत्वमा सरकार बन्यो । जेनजी विद्रोहपछि अत्यधिक जनमत प्राप्त गरेको सरकार भएकाले जनताले धेरै आशा र अपेक्षा गरेका थिए, तर सरकार गठन भएको सय दिनमै अलोकप्रिय बनेको छ । अघिल्ला शासकलाई प्रश्न गरेर उदाएको बालेन सरकार अहिले उल्टै प्रश्न गर्नेको मुख बन्द गर्नतिर लागेको पछिल्लो घटनाक्रमले देखाएको छ । जेनजी विद्रोहपछि खलबलिएको सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक संरचना बलियो बनाएर राष्ट्रिय एकता कायम गर्नतिर नलागेर सरकारले नै अराजकता मच्चाउन खोजेको आरोप छ ।

सुकुमबासी तथा कमजोर वर्ग, सञ्चारगृह, प्रशासनिक, निजी क्षेत्रमा बढ्दै गएको राज्य आतङ्कका कारण फेरि अर्को विद्रोहको भड्खालोमा देश फस्न सक्ने देखिन्छ । राज्य आतङ्कका कारण बर्खा याममा सुकुमबासीको बिचल्ली भएको छ। हुँदा खाने वर्ग सामाजिक तथा राज्य चरित्रका कारण चरम निराशाको दुष्चक्रमा फस्ने जोखिम बढ्दै गएको देखिन्छ ।

सरकार बनेको सय दिनको बिचमा तीन जनाले आत्मदाह र एक जना सुकुमबासीले आत्महत्या गर्नुले समाजमा चरम निराशाको सङ्केत गर्ने मानवशास्त्री तथा समाजशास्त्रीको विश्लेषण छ । पछिल्लो एक हप्तामा मुगुका गणेश नेपाली, सर्लाहीका विवेक मण्डल र काठमाडौंका आश्विन राउतको आत्मदाहको घटना त्यसैको सङ्केत भएको समाजशास्त्री डा. विवेक घिमिरे बताउँछन् । 'पछिल्लो समय आत्महत्याका एकपछि अर्का घटना जसरी भइरहेका छन्, ती घटनाले वास्तवमा हाम्रो राज्य संयन्त्र, राज्य प्रणाली, शासन गर्ने तौरतरिका, हाम्रो सामाजिक बनावट, सामाजिक सम्बन्धहरू, हाम्रा पारिवारिक सम्बन्धहरू, विगतदेखि एउटा सबल पक्ष भइराखेको 'वि-फिलिङ' सम्बन्ध एकपछि अर्को गर्दै जालो सुक्दै गरेको वा कमजोर हुँदै गरेको सङ्केत गर्छ । राज्यप्रति नागरिकको विश्वासहरू क्षय हुँदै गइरहेको सङ्केत गर्छ', घिमिरेले भने ।

किनभने आत्महत्याका घटनाहरू व्यक्तिगत नभएको, व्यक्तिगत निर्णय गर्ने ठाउँसम्म पुग्नका लागि प्रेरित गर्ने कुरा भनेको हाम्रो समाज, सम्बन्ध, शासन, संस्कारसँग जोडिएको उनको भनाइ छ। त्यही कारणले समाजका एउटा तप्का आशा, विश्वास नभएर फ्रस्ट्रेसन (निराशा), चरम असुरक्षित महसुस गरिरहेका यस घटनाले सङ्केत गर्ने घिमिरेले विश्लेषण गरे ।

तीन महिनासम्म सरकारको गतिविधि हेर्दा प्रधानमन्त्री जवाफदेहिता विहीन भएको घिमिरेको आरोप छ । 'विगतका नेताहरूको उमेरभन्दा पनि उनीहरू पटक-पटकको टेस्टेड (परीक्षित)हुँदा पनि परिणाम दिन नसकेको रूपमा लिएका हुन् । अहिले उमेरको हिसाबले ४० वर्ष मुनिका व्यक्तिहरूले शासन चलाइरहनुभएको छ, तर शासन गर्ने तौरतरिका हेर्दा अल्ट्रा-पुअर (अति गरिबी)को रेखा मुनि छ, जसले बिहान-बेलुकाको हात मुख जोर्नमा अझै पनि समस्या भोग्नु परिरहेको छ', उनले भने ।

ती नागरिकहरूको आँखाबाट झन्-झन् निराशा व्याप्त हुने स्थिति भएको घिमिरेको भनाइ छ । 'बजेट मध्यम वर्गलाई लक्षित गरेर आउँछ, गरिब विपन्नहरूको सामाजिक सुरक्षा, सामाजिक न्यायको बारेमा बोल्दैन। प्रधानमन्त्री सम्वादहीनताको अवस्थामा हुनुहुन्छ । विषम परिस्थितिमा सबैलाई एउटा आड, भरोसा, ढाडस दिन सम्वाद सघन रुपमा हुनुपर्थ्यो, त्यसो भएको देखिँदैन,' उनले भने । जेनजी आन्दोलनको बलमा खडा भएको सरकार भए पनि लोकतान्त्रिक विधि, पद्धति, संविधान र कानुन बमोजिम नै बनेको घिमिरेको जिकिर ।

विपक्षी दलहरूले सरकार अलोकतान्त्रिक चरित्रबाट अगाडि बढ्न खोजेको आरोप लगाइरहेका छन् । मंगलबार बसेको प्रतिनिधि सभा बैठकमा प्रतिपक्षी दलका सांसदहरूले सरकारको कार्यशैलीप्रति चर्को विरोध गरेका छन् । सोमबार राजधानीका केही सञ्चारमाध्यम र नेताको घर अगाडि शङ्कास्पद गाडी पार्किङ गरिएको घटनाप्रति उनीहरूले गम्भीर प्रश्न उठाए । 'प्रधानमन्त्रीले हिजो सिंहदरबार जलाउँछु भन्नुभयो, आज रोस्ट्रममा उभिएर हाम्रो सीमा मिचिएको कुरालाई हलुका रूपमा टिप्पणी गरिरहनुभएको छ,' श्रम संस्कृति पार्टीका सांसद आरेन राईले भने, 'यसले हाम्रो सीमा कतै छिमेकीले झनै मिच्ने त होइन भन्ने डर पैदा भएको छ । यो सरकार गरिब, निमुखा, श्रमिकको पक्षमा देखिँदैन । साना उद्यमी, सुकुमबासी, पठाओ राइडरविरुद्ध सरकार धारे हात लगाएर दुःख दिएको छ ।' बैठकमा प्रमुख प्रतिपक्ष दलका सांसद निश्कल राईले सरकार निरंकुश शैलीबाट अगाडि बढेको आरोप लगाए । उनले अभिव्यक्ति स्वतन्त्रतामाथि बन्देज लगाउन खोजिएको र राज्य सत्ताको उन्मादमा सरकारले नागरिकको मुख थुन्ने प्रयास गरेको बताए । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का सांसद ज्ञानेन्द्र बहादुर शाहीले देशमा प्रश्न सोध्ने नागरिकहरूमाथि सरकारले दमन गरेको र राज्य संरक्षित गुण्डाहरू परिचालन गरी प्रतिपक्षी नेता र सञ्चार गृहका गेटमा गाडी तेर्स्याएर मानसिक त्रास फैलाएको आरोप लगाए । नेकपा एमालेका सांसद गणेश सिंह ठगुन्नाले नेपालको स्वाभिमान र भौगोलिक अखण्डताको रक्षा गर्ने दायित्व सरकारको भए पनि प्रधानमन्त्रीले नै देशको अहित हुने गरी अभिव्यक्ति दिएको आरोप लगाए । सरकारको पछिल्लो गतिविधि हेर्दा पञ्चायतकालीन मण्डलेतन्त्रले फैसलाको राज्य आतङ्कको झझल्को जस्तै महसुस भएको बताए । '

सत्तारुढ दल रास्वपाकै सांसद डा. अमरेश कुमार सिंहले युवाहरूमा निराशा व्याप्त रहेको र देशमा बाँच्न सक्ने अवस्था नरहेको बताए । विपक्षी दलहरूले सदनमा उठेका प्रश्नको जबाफ प्रधानमन्त्रीले नदिएसम्म विरोध जारी राख्ने बताएका छन् । मंगलबार बसेको प्रतिनिधि सभा बैठकमा प्रधानमन्त्री उपस्थित भए पनि सांसदहरूले उठाएका यस्ता प्रश्नको जबाफ नदिई बाहिरिएका छन् । सरकार गठन भएको चार महिना पुग्न लाग्दा पनि प्रधानमन्त्रीले प्रतिनिधि सभा नियमावलीमा भएको व्यवस्था अनुसार सांसदका प्रश्नको उत्तर दिएका छैनन् । चौतर्फी आलोचना बढेपछि जेठ १७ गते आकस्मिक रूपमा प्रधानमन्त्री बालेनले रोष्ट्रममा पुगेर जबाफ दिने प्रयास गरेका थिए । सोही क्रममा उनले सीमा विवादबारे विवादास्पद अभिव्यक्ति दिए । भारतले मात्र होइन, नेपालले पनि भारतको भूमि मिचेको भन्ने उनको अभिव्यक्तिको चौतर्फी आलोचना भइराखेको छ । विपक्षी सांसदहरूले प्रधानमन्त्रीलाई सदनमा आएर माफी माग्न र उनले बोलेका अभिव्यक्ति संसदको रेकर्डबाट हटाउन बारम्बार माग गर्दा समेत सभामुखले सरकारलाई रुलिङ गरेका छैनन् । सदनमा उठेका प्रश्नको जबाफ अहिलेसम्म पनि बालेनले दिएका छैनन् ।


सार्वभौम संसदमा प्रधानमन्त्रीले नै राष्ट्रघाती अभिव्यक्ति दिनु गम्भीर विषय भएको विपक्षीहरूको भनाइ छ। सदनमा दिएको अभिव्यक्तिको बालेनले पार्टीको चितवनमा भएको महाधिवेशनको उद्घाटन सत्रमा प्रष्टीकरण दिए ।

'तपाईंहरूसँग प्रमाण छ भने ल्याउनुस्, हामीसँग पनि प्रमाण छ । हामीसँग कालापानी र लिपुलेकको प्रमाण छ । र, त्यो प्रमाण ल्याउनका लागि ब्रिटिश शासनकालका अभिलेख खोज्नुपर्छ भने हामी खोज्छौँ । हामीले ब्रिटिशलाई मध्यस्थकर्ता बनाउन खोजेका होइनौँ । हामी हाम्रा छिमेकीसँग आफैँ कुरा गरेर समस्या समाधान गर्छौं । हामीसँग प्रमाण छ, त्यो प्रमाण प्रस्तुत गर्छौं', बालेनले भनेका थिए ।

प्रतिनिधि सभा नियमावलीको दफा ५६(१) मा प्रधानमन्त्री वा निजको कार्यक्षेत्रसँग प्रत्यक्ष रूपमा

- बाँकी पृष्ठ ३ मा

# तनावबिच अमेरिका-रूस अन्तरिक्ष सहकार्य जारी



द पब्लिक टुडे समाचारदाता
गौशाला, असार ३० गते ।

अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसन (आइएसएस) का लागि अमेरिकी-रुसी टोलीको निर्धारित प्रक्षेपणमा सहभागी हुन नासाका प्रशासक जेरेड आइज्याकम्यानले मङ्गलबार कजाकिस्तानस्थित रुसद्वारा सञ्चालित बैकोनुर अन्तरिक्ष प्रक्षेपण केन्द्रको भ्रमण गरेका छन् । युक्रेनमा रुसको सैन्य कारवाहीपछि अमेरिका-रुस सम्बन्धमा तनाव कायम रहे पनि अन्तरिक्ष क्षेत्रमा दुवै मुलुकबिच सहकार्य जारी रहेको सङ्केतका रूपमा यस भ्रमणलाई हेरिएको छ । बैकोनुर कोस्मोड्रोममा नासा प्रमुखको यो भ्रमण करिब आठ वर्षयताकै पहिलो हो । सोमबार अन्तरिक्ष यात्रीको टोलीसँगको भेटमा आइज्याकम्यानले मिसनको तयारीमा सहयोग गरेको भन्दै रुसको सरकारी अन्तरिक्ष संस्था 'रोस्कोस्मोस'प्रति धन्यवाद व्यक्त गरे । "पछिल्ला केही महिनामा गरिएको संयुक्त प्रयासले यस अभियानमा संलग्न सबैको व्यावसायिकता र समर्पण देखाउँछ," उनले भने । प्रक्षेपणअघि आइज्याकम्यानले रोस्कोस्मोसका प्रमुख दिमित्री बाकानोभसँग पनि भेट गरेका थिए । नासाका अन्तरिक्ष यात्री अनिल मेनन तथा रुसी अन्तरिक्ष यात्री प्योत्र डुब्रोभ र अन्ना किकिना सोयुज एमएस-२९ यानमार्फत अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसनतर्फ प्रस्थान गर्ने तयारीमा छन् । उनीहरूले अन्तरिक्ष स्टेसनमा करिब आठ महिना बिताउनेछन् । यो मेननको पहिलो अन्तरिक्ष यात्रा हो भने डुब्रोभ र किकिनाको दोस्रो यात्रा हो । उक्त टोलीले अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसनमा रहेका नासाका जेसिका मेयर, ज्याक ह्याथवे र क्रिस विलियम्स, युरोपेली अन्तरिक्ष एजेन्सीकी सोफी एडेनोट तथा रोस्कोस्मोसका अन्य अन्तरिक्ष यात्रीहरूसँग सहकार्य गर्नेछ । शीतयुद्धका बेला अन्तरिक्ष प्रतिस्पर्धामा रहेका अमेरिका र रुसले हाल अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसनसहित विभिन्न परियोजनामा सहकार्य गर्दै आएका छन् । सन् २०२२ मा रुसले युक्रेनमा सैन्य कारवाही सुरु गरेपछि दुई देशबिच राजनीतिक तनाव बढे पनि अन्तरिक्ष क्षेत्रमा सहकार्य भने निरन्तर छ । यद्यपि, नासाको चन्द्र अनुसन्धानसम्बन्धी 'आर्टेमिस' कार्यक्रममा रुसको सम्भावित सहभागिताजस्ता ठुला सहकार्यका योजना भने अघि बढ्न सकेका छैनन् । पश्चिमी प्रतिबन्धका कारण रुसले चीनसँग अन्तरिक्ष तथा अन्य प्रविधि क्षेत्रमा सहकार्य विस्तार गरिरहेको छ । रोस्कोस्मोसले आगामी चन्द्र अभियानका लागि चीनसँग सहकार्य सुरु गरेको जनाएको छ । एजेन्सी

## कार्यदलको १० बुँदे प्रतिवेदन...

भए पनि भुक्तानी हुन बाँकी रहेका योजनाको रकम आगामी आर्थिक वर्षको बजेटबाट भुक्तानी गर्ने व्यवस्था गर्नुपर्ने कार्यदलको सुझाव छ ।

यस्तै, स्थानीय तहले प्रदेश सरकारलाई बुझाउनुपर्ने राजस्व बढीमा पाँच किस्तामा बुझाउन सक्ने व्यवस्था गर्नुपर्ने र सोही आधारमा प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराउने अनुदान सुनिश्चित गर्नुपर्ने उल्लेख गरिएको छ ।

प्रतिवेदनमा सिरहा र धनुषा जोड्ने कमला पुल निर्माण योजनालाई उच्च प्राथमिकतामा राखी आगामी आर्थिक वर्षमा आवश्यक बजेट थप गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने सुझावसमेत दिइएको छ । साथै बजेट कार्यान्वयनका क्रममा देखिएका प्रशासनिक, प्राविधिक तथा वित्तीय जटिलताको समाधानका लागि आवश्यक नीतिगत सुधार गर्नुपर्नेमा पनि जोड दिइएको छ ।

प्रतिवेदन पारित भएपछि अर्थमन्त्री युवराज भट्टराईले कार्यदलले दिएका सुझावहरू कार्यान्वयन गर्न सरकार प्रतिबद्ध रहेको बताए । उनले प्रतिवेदनलाई विनियोजन विधेयकको अभिन्न अंगका रूपमा स्वीकार गर्दै आवश्यक संशोधनसहित बजेट कार्यान्वयन अघि बढाइने जानकारी दिए ।

प्रदेश सभाले कार्यदलको प्रतिवेदन अनुमोदन गरेसँगै लामो समयदेखि अन्योलमा परेको मधेस प्रदेशको बजेट प्रक्रिया पुनः अघि बढेको छ । अब विनियोजन विधेयक पारित भएपछि आगामी आर्थिक वर्षका विकास आयोजना, प्रशासनिक खर्च तथा प्रदेश सरकारका कार्यक्रम कार्यान्वयनको संवैधानिक बाटो खुल्नेछ ।

## प्रश्नबाट भाग्दै सरकार...

सम्बन्धित महत्त्वपूर्ण विषयमा प्रश्न सोध्न सभामुखले प्रत्येक महिनाको पहिलो हप्ताको कुनै एक दिनको बैठकको पहिलो एक घण्टा निर्धारण गर्ने व्यवस्था छ । तर उक्त दिन कुनै कारणवश बैठक बस्न नसकेमा त्यसपछि लगत्तै बस्ने बैठकको पहिलो एक घण्टाको समय निर्धारण गर्ने व्यवस्था छ । नियमावलीमा भएको व्यवस्थाबारे विपक्षी सांसदहरूले बारम्बार सरकारको ध्यानाकर्षण गराउँदा पनि सरकारले कार्यान्वयन गरेको छैन । यो सरकार बनेपछि कुनै व्यवस्थापन नगरी काठमाडौं उपत्यका नदी किनारामा रहेका सुकुमवासी बस्तीमा डोजर चलायो। उनीहरूलाई तीन महिनासम्म विभिन्न होल्डिङ सेन्टरमा राखेर व्यवस्थापन नगरी अलपत्र छाडेको सुकुमवासीहरूको आरोप छ। बर्खा याममा उनीहरूको परिवारको विचल्ली भएको छ । गत हप्ता त्रिपुरेश्वरस्थित राहदानी विभाग अगाडि गणेश नेपालीले आत्मदाह गरेका कारण सरकार चौतर्फी दबाबमा पर्‍यो । संवेदनशील विषयमा सरकार संयमित भएर पीडित परिवारलाई उचित राहत तथा दीर्घकालीन समस्या समाधान गर्नुको सट्टा उल्टै गृहमन्त्री सुधन गुरुङले संसदमा गएर विपक्षी दलहरूलाई थर्काएको आरोप छ । विरोधीको मुख बन्द गर्न सरकारले नै विभिन्न सञ्चार गृह, विपक्षी दलका नेताहरू र सार्वजनिक स्थलमा शङ्कास्पद गाडी राखेको आरोप लागेको छ । सोमबार विभिन्न स्थानमा बाटो छेकेर राखेको गाडीका कारण सरकारको चौतर्फी विरोध भयो । सरकारले सदनमा प्रस्तुत गरेको नीति तथा कार्यक्रम, बजेट, सीमा सम्बन्धी विवाद तथा प्रधानमन्त्रीले नै रक्षा मन्त्रालय सम्हालेको सम्बन्धमा उठेका प्रश्नको चित्तबुझ्दो जवाफ सरकारले अहिलेसम्म दिएको छैन । यी बाहेक संवैधानिक प्रमुखहरूलाई अनावश्यक दबाबमा राखेको, क्षेत्राधिकार नाघेर राहदानी छपाइमा प्रधानमन्त्रीका सचिवालयले हस्तक्षेप गरेको लगायत विषयमा विपक्षीहरूले सरकारको जवाफ मागेका छन् । तर 'बोल्न देऊ सरकार' भनेर सत्तामा पुगेका प्रधानमन्त्री नै प्रश्नबाट भाग्न खोजेको आरोप छ । विश्लेषक तथा समाजशास्त्री डा. दिपेश घिमिरेले सरकार नै नागरिकलाई भिडाउनेतिर उद्यत भए देश फाँसीवादतर्फ जाने स्पष्ट पारे । 'सत्तारुढ दलको इन्टेन्सन(नियत) नागरिकलाई नागरिकसँग भिडाउनु त होइन होला । यदि नागरिक र नागरिकबिचको भिडन्त गराउने हो भने त्यो सिधा फाँसीवाद हुन्छ । हामी फाँसीवादतर्फ सम्भवतः जानीबुझीकन त्यो यात्रा हुन लागेको होइन होला', घिमिरेले भने, 'बोल्न दे सरकार भन्ने एजेन्डा लिएर आएका नेताहरूले एउटा जायज प्रश्नलाई सुन्ने धैर्यता भएन भने यो सरकारको धेरै परसम्मको गन्तव्य तय नहुन सक्छ ।'

## ६० हजार करारका कर्मचारी...

चालक, सहायक कम्प्युटर अपरेटर, कम्प्युटर टेक्निसियन, डेटा इन्ट्री अपरेटर, कम्प्युटर अपरेटर आदि) भूमि व्यवस्था, सहकारी तथा सङ्घीय मामिला एवं सामान्य प्रशासन मन्त्रालयअन्तर्गत रहने गरी एउटा पब्लिक कम्पनी लिमिटेड स्थापना गर्ने वा आउटसोर्सिङ गर्ने भन्ने विषयमा नीतिगत स्पष्टता गरिनेछ । यस्तो सेवा प्रबन्धको विद्यमान ढाँचामा रूपान्तरण गर्नका लागि प्रविधिको उपयोग, सम्बन्धित कर्मचारीहरूबाट सहजै सम्पादन हुने काम आफैँ गर्ने आचारसंहिता निर्माणसमेतबाट उक्त सहयोगी सेवाको समग्र परिमाण कम्तीमा ५० (पचास) प्रतिशत घटाई बाँकी रहने कामका लागि कार्यविवरण र कार्यविश्लेषणका आधारमा निकायगत न्यूनतम जनशक्ति (कार्यघण्टा) आँकलन गरी यस्तो सेवा उक्त कम्पनीमार्फत वा आउटसोर्सिङबाट लिने व्यवस्था मिलाइनेछ ।'

स्रोतका अनुसार हाल संघमा १० देखि १२ हजार, प्रदेशमा ६ हजार तथा स्थानीय तहमा ३५ हजार करारका कर्मचारी कार्यरत छन् । संघ तथा प्रदेशका सबै मन्त्रालयमा करारका कर्मचारी कार्यरत छन् । करारका कर्मचारी हटाई आउटसोर्सिङबाट कर्मचारी भर्ना गर्ने विषयमा केही दिनअघि पनि प्रधानमन्त्री कार्यालयले सचिवस्तरीय बैठक बोलाएको थियो ।

उक्त बैठकमा प्रधानमन्त्री कार्यालयका सचिव किरण शर्मा, पुष्कर सापकोटा, घनश्याम उपाध्याय, मदन भुजेललगायतका सचिवहरूको सहभागिता रहेको थियो ।

स्रोतका अनुसार करारका कर्मचारी हटाई आउटसोर्सिङबाट काम लिने विषयमा प्रधानमन्त्रीको सचिवालयकै चासो रहेको छ । आउटसोर्सिङबाट काम लिँदा सेवा प्रभावकारिता बढ्ने र राज्यको खर्च घट्ने प्रधानमन्त्री कार्यालयको बुझाइ छ ।

स्रोतले भन्यो, 'अहिले सरकारी कार्यालयहरूले गार्ड (पाले) को काम जसरी कम्पनीमार्फत लिने गरेका छन्, त्यसरी नै अन्य कर्मचारी पनि लिने हो भने कामको गुणस्तर बढ्छ र सरकारबाट प्रदान गरिने सेवाको प्रभावकारिता पनि बढ्छ भन्ने प्रधानमन्त्री कार्यालयको बुझाइ छ ।'

**करारका कर्मचारी आन्दोलित**

करारका कर्मचारी हटाउन लागिएको विषयमा करार, अस्थायी तथा ज्यालादारी कर्मचारी आन्दोलित भएका छन् । उनीहरूले मंगलबार दिउँसो अर्थ मन्त्रालय घेराउ गरेका छन् । उनीहरूले अर्थमन्त्री स्वर्णिम वाग्लेलाई भेट्न खोजेका थिए तर भेट्न पाएनन् । उनीहरू मंगलबार काम रोकेर सिंहदरबारस्थित अर्थ मन्त्रालयअगाडि रहेको मूल गेटमा जम्मा भएका थिए ।

करारका कर्मचारीलाई नहटाउन उनीहरूले चेतावनी दिएका छन् । साथै, आफूहरूको रोजीरोटी खोसिएमा अझ कडा आन्दोलन गर्ने चेतावनी दिएका छन् ।

## मिटरब्याजको छानबिन सम्बन्धी...


आयोगमा पूर्व प्रहरी अतिरिक्त महानिरीक्षक भरत बहादुर बोहोरा र नेपाल अडिटर्स एसोसिएसनका वरिष्ठ उपाध्यक्ष बद्री प्रसाद भट्टराई सदस्य थिए ।

यस आयोगले गत २०८१ चैत १३ देखि कार्यप्रारम्भ गरी मुलुकभरको विद्यमान अवस्था, समस्या र सुझाव समेटेर तयार पारेको आफ्नो कार्यसम्पादन प्रतिवेदन गत २०८२ असार १६ गते गृह मन्त्रालयसमक्ष पेस गरिसकेको थियो । यसअघि जनकपुरधाबाट काठमाडौं पैदल हिँडेका मिटरब्याज पीडितहरूसँग गृहमन्त्री सुधन गुरुङले मंगलबारै निजगढमा भेट गरी मिटरब्याज पीडितका समस्या समाधान गर्ने प्रतिबद्धता जनाएका थिए ।

## निजी मिडियालाई सरकारी...

हस्तक्षेप गर्न नहुनेलगायतका जिकिर गरेका थिए । सरकारका तर्फबाट बहस गरेकाहरुले सरकारी रकमको चुहावट रोक्न सो कदम चालिएको बताएका थिए ।

चैत १८ गतेको सचिवस्तरीय निर्णय गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सरकारी विज्ञापन तथा सूचनाहरु सञ्चारमाध्यममार्फत प्रकाशन तथा प्रसारण गर्दा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह तथा सोअन्तर्गतका निकायहरु तथा सार्वजनिक कोष प्रयोग गरी कार्य गर्ने सबै सार्वजनिक निकायहरुले आफ्ना सूचनाहरु गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन तथा सरकारी स्वामित्वमा रहेका सञ्चारमाध्यममा मात्र प्रकाशन तथा प्रसारण गर्ने निर्णय गरी सबै निकायमा परिपत्र गरेको थियो ।

"स्वस्थ दाँत, उज्यालो मुस्कान"का लागि एकमात्र स्थान
खर्गा दन्त उपचार केन्द्र प्रा.लि.
बर्दिवास-१ सिन्धुली रोड, महोत्तरी
☎ ९८४४३१२२४६
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)
डा. गंगाराम खर्गा
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)
डाक्टर भेट्ने समय : प्रत्येक दिन बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म

हामी कहाँ आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिबारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुन्निने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।

**विमालेख हरायो**

निम्नानुसार विवरण भएको एसियन लाइफ इन्स्योरेन्सको विमालेख नवलपुर बाट कविलासी न.पा. आउने क्रममा हराएको हुँदा नजिकको प्रहरी चौकीमा खबर गरेर सहयोग गरि दिनुहुन अनुरोध छ ।


**विमालेख नं** ६६१९००२०७००
**नाम :** राम एकवाल महतो सुडि
**सम्पर्क :** ९७६६९३३९८

## नक्कली भुटानी शरणार्थी...

सुरक्षा सल्लाहकार इन्द्रजित राईलाई चार वर्ष कैद तोकिए पनि उनको उमेरका कारण सजायमा केही छुट दिइएको छ । उनलाई ३ वर्ष २ महिना १० दिन कैद र ४० हजार जरिवाना भुक्तान गर्नुपर्नेछ । जिल्ला अदालतको फैसलालाई उच्च अदालमा चुनौती दिने बाटो उनीहरूसँग अझै खुला छ । नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाइ अमेरिका पठाएको खुलेपछि गजेन्द्र बुढाथोकी, दाफुरी शेर्पासहितको जाहेरीले नेपाल सरकारले २०८० जेठ १० गते पूर्वउपप्रधान एवं नेकपा एमालेका नेता टोपबहादुर रायमाझी, पूर्वगृहमन्त्री खाँणलगायत ३० भन्दा बढीलाई अभियुक्त बनाउँदै मुद्दा दायर गरेको थियो ।

नक्कली भुटानी शरणार्थी प्रकरण :

# दोषी ठहर १५ जनालाई सजाय निर्धारण



**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, असार ३० गते ।*

जिल्ला अदालत काठमाडौँले नक्कली भुटानी शरणार्थी प्रकरणमा दोषी ठहर भएकाहरुलाई सजाय तोकेको छ ।

न्यायाधीश तेजबहादुर खड्काको इजलासले पूवउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, पूर्वगृहमन्त्री बालकृष्ण खाँणसहित १५ जनालाई मंगलबार सजाय तोकेको हो ।

पूर्वउपप्रधानमन्त्री रायमाझीलाई किर्तेमा दुई वर्ष कैद र २० हजार जरिवाना, ठगीमा तीन वर्ष कैद र ३० हजार जरिवाना, संगठित अपराधमा डेढ वर्ष कैद र १५ हजार जरिवाना, एकीकृत कसुरमा चार वर्ष कैद र ४० हजार जरिवाना भएको छ ।

अदालतले उनलाई थप ६ महिना जेलसमेत तोकिएको छ । सबैगरी रायमाझीलाई ११ वर्ष कैद सजाय तोकिएको छ ।

त्यस्तै खाँणलाई किर्तेमा एक वर्ष कैद र १० जरिवाना, ठगीमा डेढ वर्ष कैद र १५ हजार जरिवाना, संगठित अपराधमा ६ महिना कैद र पाँच हजार जरिवाना तथा एकीकृत कसुरमा दुई वर्ष कैद र २० हजार जरिवाना सजाय भएको छ ।

उनलाई थप तीन जेल सजायसमेत गरिएको छ । सबैगरी उनलाई पाँच वर्ष तीन महिना कैद भएको छ । काठमाडौं जिल्ला अदालतका सूचना अधिकारी शिव खतिवडाले फरक फरक कैद तोकिए पनि माथिल्लो हद कायम हुने बताएका छन् ।

न्यायाधीश खड्काको इजलासले २३ असार गते नक्कली भुटानी शरणार्थीसम्बन्धी मुद्दामा पूर्वगृहमन्त्री खाँणलाई सहयोगी (मतियार) ठहर गरेको थियो । अदालतले सजाय भने मंगलबार तोकेको हो ।

त्यस्तै भुटानी शरणार्थी नेता टेकनाथ रिजाललाई पनि २ वर्ष कैद र २० हजार जरिवाना तोकिएको छ ।

पूर्वगृहमन्त्री रामबहादुर थापाका

- बाँकी पृष्ठ ३ मा

# पूर्वप्रदेश प्रमुख अहिराज बलात्कार मुद्दामा दोषी ठहर

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, असार ३० गते ।*



मधेश प्रदेशका पूर्वप्रदेश प्रमुख राजेश अहिराज (राजेश झा) बलात्कार मुद्दामा जिल्ला अदालत काठमाडौंबाट दोषी ठहर भएका छन् ।

मंगलबार न्यायाधीश चन्द्रकान्त पौडेलको इजलासले हाल केन्द्रीय कारागार सुन्धारामा सजाय काटिरहेका उनलाई दोषी ठहर गर्दै बिहीबार सजाय निर्धारण गर्ने गरी पेशी तोकेको छ ।

यसअघि १२ भदौ २०८२ मा उच्च अदालत पाटनले पनि जिल्ला अदालत काठमाडौंको प्रारम्भिक आदेशलाई सदर गरिदिएको थियो ।

आफ्नै घरमा राखिएकी सहयोग महिलालाई बलात्कार गरेको आरोपमा जेल सजाय भोगिरहेका मधेश प्रदेशका पूर्वप्रमुख अहिराजले अब लामो सजाय काट्नुपर्ने भएको छ ।

२०८२ साउन १४ गते जिल्ला अदालत काठमाडौँका न्यायाधीश पिताम्बर शर्माको एकल इजलासले उनलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो ।

अहिराज अहिले केन्द्रीय कारागारमा छन् । घरमै काममा सघाउन राखिएकी युवतीलाई बलात्कारको आरोपमा उनी पक्राउ परेका थिए । लामो समय भारतमा लुकेर बसेका उनी गत साउनमा काठमाडौँ आएपछि समातिएका थिए ।

पठनपाठनको जिम्मा लिएका अहिराजले घरमै राखिएकी युवतीलाई बलात्कार गरेपछि उजुरी परेको थियो ।

काठमाडौंको थापागाउँस्थित घरमा अहिराजले २०८१ जेठ ४ मा बलात्कार गरेको आरोप लगाउँदै मुद्दा दायर भएको थियो । एक्लै कोठामा बसेका बेला अहिराजले आएर बलात्कार गरेको मुद्दामा उल्लेख थियो ।

अहिराजलाई तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २०७७ फागुन ७ गते मधेश प्रदेश प्रमुख नियुक्त गरेका थिए । तर उनलाई शेरबहादुर देउवा सर्वोच्चको आदेशमा प्रधानमन्त्री भएपछि हटाइएको थियो ।

# ६० हजार करारका कर्मचारी हटाउन प्रस्ताव तयार

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, असार ३० गते ।*



सरकारले संघ, प्रदेश र स्थानीय तहअन्तर्गत विभिन्न मन्त्रालय, निकाय, आयोग तथा कार्यालयहरूमा कार्यरत करिब ६० हजार करार, अस्थायी तथा ज्यालादारी कर्मचारी हटाउने नीतिगत निर्णयका लागि प्रस्ताव तयार गरेको छ ।

स्रोतका अनुसार मन्त्रिपरिषद् तथा प्रधानमन्त्री कार्यालयले उक्त प्रस्ताव तयार गरेको हो । प्रस्तावमा निर्णय गर्न प्रधानमन्त्री कार्यालयले केही दिनयता उच्च कर्मचारीहरूसँग छलफल तथा बैठक गरिरहेको छ ।

मंगलबार पनि प्रधानमन्त्री कार्यालयले यस्तै बैठक गरेको थियो । उक्त बैठकमा कानुन हेर्ने सचिव पुष्कर सापकोटा सहभागी थिए । त्यसैगरी, बैठकमा सुमन दाहाल, बाबुराम भण्डारी, बलराम रिज्याल, गोविन्द रिजाल, ढोलकबहादुर भण्डारीलगायतका सहसचिवहरू सहभागी भएका थिए ।

'मंगलबारको बैठकमा सामान्य छलफल भयो । धेरै कुरा हुन पाएन । हामी सबै व्यस्त थियौं । ठूलो निर्णय भएन । सम्भवत: भोलि (बुधबार) निर्णय हुन सक्छ,' उक्त छलफलमा सहभागी एक सहसचिवले भने । उक्त बैठक बुधबार पनि बस्ने भएको छ । बुधबार बस्ने बैठकले यस विषयमा सबै पक्षसँग छलफल गर्ने स्रोतले बतायो ।

स्रोतका अनुसार प्रधानमन्त्री कार्यालयले तयार गरेको प्रस्तावमा भनिएको छ, 'सहयोगी सेवा तथा सामान्य प्रकृतिका प्राविधिक सेवाका लागि (सरसफाइ कर्मी, कार्यालय सहयोगी, प्लम्बर, बगैंचे, माली, मेकानिक, म.ले.प. बेरुजु फछ्र्योट सम्बन्धी सहयोगी, माइक अपरेटर, हलुका सवारी

- बाँकी पृष्ठ ३ मा

# अन्नपूर्ण सुगर मिलका दुई सञ्चालक पक्राउ

**राष्ट्रिय समाचार समिति**

*काठमाडौं, असार ३० गते ।*

उखु किसानलाई करिब २२ करोड रुपैयाँभन्दा बढी बक्यौता रकम भुक्तानी नगरी आपराधिक लाभ (क्रिमिनल बेनिफिट) लिएको आरोपमा दर्ता भएको मुद्दामा अन्नपूर्ण सुगर मिल प्रालिका दुई सञ्चालक पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा पश्चिम नवलपरासी जिल्लाको रामग्राम नगरपालिका-२ बस्ने शैलेन्द्र गुप्ता र सर्लाहीको हरिपुर नगरपालिका-१ घर भई हाल पश्चिम नवलपरासी बस्ने विनोद साह कलवार रहेका छन् ।

उखु किसानलाई लामो समयदेखि करिब २२ करोड रुपैयाँभन्दा बढी बक्यौता रकम भुक्तानी नगरी आपराधिक लाभ लिएको आरोपमा दर्ता भएको मुद्दामा फरार रहेका दुवै जनालाई पक्राउ गरिएको हो ।

उनीहरूविरुद्ध आपराधिक लाभ (क्रिमिनल बेनिफिट) सम्बन्धी कसुरमा अनुसन्धान तथा आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको छ ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

मेनरोड बर्दिवास, महोत्तरी

044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादकः सन्तकुमार क्षेत्री